राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

च.नं. १००/०६८/६९

मिति : २०७९।०१।०६

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रेस तथा सूचना समन्वय शाखा
सिंहदरबार, काठमाडौं ।

विषय : स्वत: प्रकाशन व्यवस्था सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोको नियमावलीको नियम (३) बमोजिम सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी स्वत: प्रकाशन गर्नुपर्ने व्यवस्था भएअनुसार यस समितिमा मिति २०७८ साल माघ, फागुन र चैत महिनामा देहायबमोजिमको कार्यसम्पादन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(उत्तम सिल्वाल)
कार्यकारी व्यवस्थापक
सूचना अधिकारी

Tele: 4262736, 4262724, 4262628, 4262550, 4262539 P.O. Box : 220, Singhadurbar Plaza, Kathmandu, Nepal
Web: rssnepal.org.np, E-mail: rssmail@rss.com.np, rssrssadm@gmail.com

## राससमा २०७८ साल माघ, फागुन र चैत महिनामा भएका प्रमुख कामको विवरण

### १. समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण

| क.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | फोटो | अडियो | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | माघ | २२९३ | ७७० | ३७० | १३०५ | २० | |
| २ | फागुन | २४०२ | ७८२ | ३८५ | १३५० | २५ | |
| ३ | चैत | २४९० | ७३० | ३४९ | १३५७ | ३० | |
| | जम्मा | ७१८५ | २२८२ | ११०४ | ४०१२ | ७५ | |

### २. स्थानीय तह निर्वाचन तयारीसम्बन्धी समाचार र फोटोलाई प्राथमिकता दिएको

मुलुकमा २०७९ साल वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका क्रममा राज्यको तर्फबाट सत्यतथ्य र आधिकारिक समाचार र फोटो सम्प्रेषण गरी व्यापक रूपमा प्रचारप्रसार गर्ने जिम्मेवारी रहेबमोजिम आवश्यक व्यवस्था गरेको । निर्वाचन आयोगबाट स्थानीय तह निर्वाचनका क्रममा भएका समग्र गतिविधि सम्प्रेषण गर्ने व्यवस्था गरेको । देशका ७७ वटै जिल्लाका ७५३ वटा पालिकाका समाचार सम्प्रेषण गर्नेक्रममा रासस प्रदेश तथा प्रदेशभित्र रहेका कार्यालयसहित देशभर क्रियाशील स्थानीय समाचारदाता (स्ट्रिङ्गर) लाई समेत आवश्यक निर्देशन दिएको । विशेषगरी निर्वाचन आयोगका गतिविधिसम्बन्धी समाचारलाई उच्च प्राथमिकता दिई समाचार सम्प्रेषण गरेको ।

### ३. रासस जनशक्ति व्यवस्थापनसहित आर्थिक रुपमा मितव्ययी बन्न कार्यविधि लागू गरेको

राससको जनशक्ति व्यवस्थापनसहित समाचार सेवाको गुणस्तर सुधार तथा आर्थिक रुपमा यथाशक्य मितव्ययी बन्ने गरी रासस उच्च व्यवस्थापन बैठकबाट मापदण्डसहित कार्यविधि तयार गरी लागू गरिएको ।

### ४. खोजमूलक समाचार र फोटो सङ्कलनलाई प्राथमिकता दिएको

विशेषगरी खोजमूलक र आलेख समाचार सङ्कलन कार्यलाई प्राथमिकता दिई सोहीअनुसार समाचार सङ्कलनका लागि स्थानीय समाचारदातालाई परिचालित गरेको । राससका अधिकांश समाचार र फोटो अनलाइन समाचार माध्यम, छापा तथा एफएम रेडियोमा प्रयोग हुने गरेको ।

५. **भौतिक सम्पत्तिको संरक्षण एवम् सम्वर्द्धनलाई प्राथमिकता दिएको**

रासस भद्रपुर कार्यालयको भवन मर्मतसम्भारसहित वर्षा महिनामा डुवानमा पर्ने कार्यालय हाताभित्रको जमिनमा करिब १ फिट ग्राभेल बिच्छ्याएको। पोखरास्थित रासस गण्डकी प्रदेश कार्यालय भवन निर्माणका क्रममा रु. ५ करोड ५५ लाख लागतसहितको डिपिआर तयार भएको, समितिको गण्डकी प्रदेश कार्यालय सञ्चालनका लागि ट्रस निर्माण कार्य पूरा भएको। सडकतर्फ रहेको १० वटा सटर कवलमा आवश्यक मर्मतसम्भारसहित रङरोगन लगाउने काम सम्पन्न भएको। करिब २५ वर्षदेखि राससको सटर कवलमा पेशा-व्यवसाय गर्दै आएका व्यवसायीलाई हटाएर बोलपत्र आह्वानका लागि सूचना प्रकाशित गरेको। रासस मधेश प्रदेश कार्यालय, जनकपुर र रासस कार्यालय वीरगन्जको जीर्ण भवन मर्मतसम्भारको काम पूरा भएको। सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा कञ्चनपुर जिल्लाको सदरमुकाम भीमदत्तनगरमा नयाँ कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको। रासस केन्द्रीय कार्यालयमा निर्माणाधीन प्रशासनिक भवनको मर्मतसम्भार कार्य पूरा गरी यही वैशाख महिनाभित्र हस्तान्तरण गर्न निर्माण व्यवसायी तयार रहेको।

६. **जनशक्ति व्यवस्थापन सम्बन्धमा**

लोक सेवा आयोगले सार्वजनिक निकायको स्थायी जनशक्ति छनोट गर्नेक्रममा राससमा विभिन्न सेवा, समूह, श्रेणी र तहका गरी १८ पदका लागि लिखित परीक्षा सम्पन्न गरेको।

७. **आर्थिक रूपमा मितव्ययी भई कामकाज गरेको**

उपलब्ध स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै यथाशक्य आर्थिक रूपमा मितव्ययी बन्ने कामलाई निरन्तरता दिएको।